जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २ २०८० साल साउन २ गते मंगलबार (18 July 2023 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




*यस अंक भित्र :* २ पृष्ठमा : कक्षा ११ मा भर्ना : भविष्यको... ३ पृष्ठमा : विपद्को पूर्वतयारीमा जुट्न मधेस ... ३ पृष्ठमाअमेरिकाको उत्तरपूर्वी क्षेत्रमा.

## नागरिकता प्रकरण : उपप्रमुखलाई हिरासतमा राखी अनुसन्धान गर्न चौथो पटक म्याद थपियो

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

दुई देशको नागरिकता लिएको प्रकरणमा पक्राउ परेकी सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादवलाई अनुसन्धानका लागि हिरासतमा राख्न चौथो पटक म्याद थप गरिएको छ ।

उपप्रमुख यादवलाई थप ७ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतले प्रहरीलाई अनुमति दिएको हो । यसअघि अदालतले असार २१ गते तीन दिन, असार २४ गते पाँच दिन र असार २८ गते चार दिन उपप्रमुख यादवलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न म्याद थपेको थियो ।

सोही मुद्दाका अर्का आरोपी उनका पति महेन्द्र अझै फरार छन् । उनको खोजी कार्य जारि रहेको प्रहरी उपरिक्षक नरेन्द्र कुमारी कार्कीले जानकारी दिए ।

नेपाल र भारतको नागरिकता लिएको आरोपमा उपप्रमुख यादवले असार २० गते आफै जिल्ला प्रहरी कार्यालय सप्तरीमा हाजिर भएकी थिइन् । उपप्रमुख मिरा र उनका



पति महेन्द्र बिरुद्ध नागरिकता सम्बन्धी कसुर मुद्दामा जेठ ५ गते सप्तरी जिल्ला अदालतबाट परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरेको थियो ।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेस गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ ।

## कठौना-पातो सडक खण्ड तीन दशकपछि कालोपत्रे हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरीको कठौना-पातो सडक खण्ड करिब तीन दशकपछि कालोपत्रे गर्ने कार्य सुरु भएको छ ।

झण्डै २० किलो मिटर उक्त मार्ग आगामी असोज-कार्तिक महिना भित्र कालोपत्रे सम्पन्न हुने गरि कार्यको शुभारम्भ भएको छ ।

कालोपत्रे निर्माण कार्यको सोमबार एक कार्यक्रमबीच सोही क्षेत्रबाट निर्वाचित प्रतिनिधी सभा सदस्य दिनेश कुमार यादवले पुजापाठ गरी शुभारम्भ गरेका छन ।

सांसद यादव कै पहलमा संघिय सरकारबाट प्राप्त ७० करोड



४० लाख रुपैयाको बजेटबाट कान्छाराम कन्ट्रक्सन मार्फत उक्त निर्माण कार्य शूरु गरिएको छ ।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर ३ मा पर्ने शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका र रुपनी गाउँपालिकालाई प्रत्यक्ष रुपमा जोड्ने र यस क्षेत्रको आर्थिक चहल पहल बढाउन ठूलो मद्दत पुऱ्याउने विश्वास स्थानीयले व्यक्त गरेका छन् ।

विगतमा केही मात्रामा ग्राभेल गरी छाडिदा अलपत्र अवस्थामा रहेको उक्त सडक खण्ड वर्षामा हिलाम्मे र सुख्खायाममा धुलोका कारण सर्वसाधारण कष्टकर र जोखिमपुर्ण यात्रा गर्न बाध्य भएका थिए । वर्षायाममा त दर्जनौ खाल्डा खुल्डीका कारण सवारी आवागमन नै ठप्प हुने गरेको थियो ।

दुई वर्ष अघि सोही खडकखण्डमा वर्षाको समयमा हिडडुल गर्न कठिनाई भएको भन्दै

*बाँकी तीन पृष्ठमा*

## लक्ष्य भन्दा २० प्रतिशत कम मुद्दा फर्छ्यौट

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

उच्च अदालत जनकपुर-राजविराज इजलासले आ.ब. २०७९/८० मा लक्ष्य भन्दा २० प्रतिशत कम मुद्दा फर्छ्यौट गरेको छ । उक्त आ.ब. मा अदालतले ६१ दशमलव ७६ प्रतिशत मुद्दा फर्छ्यौट गर्ने लक्ष्य राखेको थियो ।

सो आ.ब. मा अदालतमा दर्ता भएको कुल मुद्दाको ४१ दशमलव ६४ प्रतिशत मुद्दा फर्छ्यौट भएको




अदालतले जनाएको छ ।

न्यायाधिश हरि प्रसाद भण्डारीको अध्यक्षतामा आयोजित "संचारकर्मीहरु संगको अन्तरक्रिया" कार्यक्रममा आ.ब. २०७९/८० मा २ हजार ६ सय मुद्दा फर्छ्यौटका लागी अघिल्लो वर्षबाट आएको जानकारी दिइएको छ ।

त्यस्तै नयाँ दर्ता भएका मुद्दाको संख्या ३ हजार १ सय ५० गरी कुल ५ हजार ७ सय ५२ मुदाको

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १५ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८० श्रावण १२ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजबिराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**विगत २५ वर्षदेखी उत्कृष्ट नतिजा ल्याउन सफल जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराजमा**

**भर्ना खुल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०८०/३/२९ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८०/४/१२
प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते दिउँसो १ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### स्वदेशमै रोजगारी सृजना गर्नेतर्फ ध्यान पुगोस्

आफ्नै मुलुकमा रोजगारीको अवस्था सृजना गर्नेतर्फ सरोकारवाला निकायको ध्यान पुग्न नसक्दा बैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । खासगरि यूवा पीढि रोजगारीका लागि बिदेशिने क्रम बढ्दो छ । विगतका सरकारले स्वदेशमै रोजगारीको अवस्था सृजना गर्ने बारम्बार प्रतिबद्धता जनाएपनि हालसम्म त्यस्तो अवस्था आएको देखिन्न् । नेपालमै रोजगारको निकै सम्भावना रहेको छ । चाहे त्यो कृषिको क्षेत्रमा होस वा साना उद्योगको संचालन गर्ने परिवेशमा होस् । कृषिमै निकै सम्भावना रहँदा रहँदै पनि सम्बन्धीत निकाय त्यसतर्फ अझ गम्भिर हुन सकेको छैन् ।

यता नेपाल सरकारले स्वदेशमा रोजगारीको अवसर सृजना गर्न नसकेपनि बैदेशिक रोजगारीलाई सरल, सुलभ तथा ठगि मुक्त बनाउन लागिपरेको छ । दिनहु बैदेशिक रोजगारमा ठगिका घटनाहरु बढ्दै जाँदा सरकारले यो कदम चालेको हो । तर, मुलुकमा रोजगारीको अवस्था सृजना हुन गर्नेतर्फ ध्यान दिन सकेको छैन् । सरकारले बैदेशिक रोजगारलाई सरल, सुलभ र सुरक्षित बनाउन खोज्दा झनै यो समस्या जटिल बन्दै गएको छ । विभिन्न म्यानपावरहरुले यूवाहरुलाई राम्रो काम र बढी तलब दिलाउने प्रलोभनमा दिँदै रोजगारीका लागि खाडी मुलुक पठाउने गरेका छन् । तर त्यहा नेपालमा भनिएको जस्तो काम र तलब नपाउँदा उनीहरु बिचल्लीमा पर्दै आएका छन् । हुनत स्वदेशमा रोजगारीको अवस्था नहुनुले बाध्य भई उनीहरु विदेशीनु परेको अवस्था छ भने अर्कोतिर यूवाहरु विदेश जानु अघि कुनै सीप नसिक्नु वा रोजगार सम्बन्धी आवश्यक ज्ञान समेत नलिनुले यस्तो समस्यामा पर्दै आएका छन् ।

तसर्थ सरकारले स्वदेशमै रोजगारीका लागि तीनै तहका सरकारसँग समन्वय गर्नु आवश्यक छ । यसका लागि सरकार अत्यन्त गम्भिर हुनु आवश्यक छ भने सकेसम्म युवा पीढिलाई स्वदेशमै रोजगार गर्नेतर्फ उन्मूख गराउनेतर्फ अभियान समेत चलाउन अग्रसरता देखाउनु उत्तिकै आवश्यक छ ।

# कक्षा ११ मा भर्ना : भविष्यको योजना बनाएर विषय रोज्ने कि लहडमा ?

काठमाडौँ, १ साउन (रासस) ।

माध्यमिक शिक्षा परीक्षा ( एसइई) को परीक्षाफल प्रकाशनसँगै कक्षा ११ मा भर्नाका लागि विद्यार्थी र अभिभावक कुन विषय कहाँ पढ्ने भनेर भौँतारिरहेका छन् । कक्षा ११ र १२ अध्यायन हुने अधिकांश शिक्षालयमा प्रवेश परीक्षाको प्रबन्ध गरिएकाले विद्यार्थी एकभन्दा धेरै विद्यालयमा परीक्षा दिन व्यस्त भएका छन् । उनीहरुले प्राप्त स्तरीकृत अङ्कका आधारमा कुन शिक्षालयमा छात्रवृत्ति वा कति शुल्क छुट पाइन्छ भनेर चासोपूर्वक बुझिरहेका छन् ।

कतिपय ठूला भनिएका निजी क्षेत्रका कलेजसमेतले कक्षा ११ मा भर्ना प्रक्रिया लगभग पूरा गरिसकेका छन् । परीक्षाको वार्षिक कार्यतालिका अनुसार भर्नाको राष्ट्रिय क्यालेन्डर लागू नहुँदा विद्यार्थी र अभिभावकमा एक प्रकारको अन्योल देखिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले यसको समग्र व्यवस्थापनका लागि केन्द्रीय शैक्षिक निकाय र सम्बन्धित स्थानीय तहले समन्वय गर्नुपर्नेमा आफूहरुले स्मरण गराएको बताउनुभयो । बोर्डले स्तरीकृत परीक्षाका लागि जोड दिँदै आएको छ ।

काठमाडौँ महानगरपालिकाले एसइईको नतिजा प्रकाशन भएको १५ दिनसम्म भर्नाका लागि समय दिन सार्वजनिक सूचना गरेको छ भने छात्रवृत्तिका लागि परीक्षा आफैँले लिने तयारी गरेको छ । महानगरपालिकाभित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा शैक्षिकसत्र २०८०/८१ मा छात्रवृत्तिमा पढ्न चाहनेले यही असार २८ गतेदेखि साउन १२ गतेसम्म अनलाइन आवेदन फाराम भर्न सूचनामा भनिएको छ । छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा सञ्चालन हुनेछ ।

महानगरपालिकाले कक्षा ११ मा निजी (संस्थागत) विद्यालयले लिने शुल्कको विवरण भर्नाअगावै उपलब्ध गराई स्वीकृत गराउन पनि निर्देशन दिएको छ । मुलुकका अधिकांश स्थानीय तहले भने व्यवस्थितरुपमा कक्षा ११ र १२ को शिक्षाबारे अनुगमन र निर्देशनमा ध्यान दिन सकेका छैनन् ।

कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम् औसत ग्रेड प्वाइन्ट (जिपिए) का एक दशमलव छ अङ्क प्राप्त गरेका विद्यार्थी योग्य हुनेछन् । यसका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गराइसकेको छ ।

पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमले आफ्नो विद्यालयमा कक्षा ११ मा विज्ञान विषय पढ्न ८० विद्यार्थीको कोटा रहेकामा पहिलो चरणमा यही साउन ३ गते प्रवेश परीक्षा लिइने र कोटा पूरा नभए अर्को परीक्षा लिइने जानकारी दिनुभयो । पर्याप्त प्रयोगशाला अभावकाका कारण विद्यालयले विद्यार्थीको कोटा बढाउन सकेको छैन । विद्यार्थीले विषय र शिक्षालय रोज्दा साथीसाथीको लहैलहैमा लागेर नभई भोलिको आफ्ना योजना के छ, त्यसलाई पूरा गर्न कहाँ सहज हुन्छ भन्ने आधारमा विद्यालय छान्न उहाँले सुझाव दिनुभयो ।

जेभियर इन्टरनेशनल स्कुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारीले विद्यार्थीले सुनेको सूचनाका आधारमा मात्र नभई आफैँले सामाजिक सञ्जालबाट अध्ययन र स्थलगत अवलोकन गरेर शिक्षालयको गुणस्तर, उचित वातावरण, शिक्षण प्रक्रियाको टुल्स, अन्तर्राष्ट्रियस्तर आदि हेरेर विषय र विद्यालय रोज्ने गरेको पाइएको बताउनुभयो । जिपिए ४ ल्याउने कतिपय विद्यालय आफ्नो कलेजमा भर्नाका लागि आएको उल्लेख गर्दै उहाँले निजी शिक्षालयबीच हुने स्वच्छ प्रतिस्पर्धालाई सबैले स्वीकार्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली उपभोक्ता महासङ्घका प्रवक्ता लुमडी कार्कीले उस्तै विषय उस्तै शिक्षालयमा पढ्न कतै वर्षमा रु ५० हजार भए हुने र कतै रु पाँच लाखसम्म लाग्ने स्थिति देखिएकाले यसबारे आफूहरुले स्थलगत अध्ययन गरी प्रतिवेदन ल्याउने तयारी गरेको जानकारी दिनुभयो ।

उहाँले उपभोक्तालाई हुने यस प्रकारको भ्रम चिर्न र ठगी रोक्न कानुनी उपचारमा जान आफूहरु बाध्य हुने बताउनुभयो । हाल कक्षा ११ र १२ मा सामुदायिक तीन हजार छ सय ८६, निजी एक हजार एक सय ३२ र धार्मिक २८ गरी चार हजार आठ सय ४६ विद्यालय छन् । शिक्षा तथा मानवस्रोत केन्द्रका अनुसार शैक्षिकसत्र २०७९ मा कक्षा ९ देखि १२ सम्ममा ७५ दशमलव चार प्रतिशत खुद भर्नादर रहेको छ भने कक्षा १२ सम्मको टिकाउ दर ३५ दशमलव छ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको अवधिमा कूल सात हजार नौ सय ३७ ले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएको आँकडा छ ।

बोर्डका अनुसार यस वर्ष जिपिए शून्य दशमलव ८० देखि एक दशमलव २० ग्रेडमा २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत र जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत छन् । उनीहरुले ग्रेडवृद्धिको परीक्षामा नतिजा नसुधारेसम्म कक्षा ११ मा भर्ना पाउँदैनन् ।

बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई), २०७९ मा सहभागी विद्यार्थीले प्राप्त ग्रेडमा चित्त नबुझेमा पुनर्योगका लागि आगामी साउन ५ गतेसम्म आवेदन दिन सूचना प्रकाशन गरेको छ । साधारण र प्राविधकतर्फ नियमित तथा ग्रेडवृद्धि परीक्षामा सहभागी विद्यार्थीले तोकिएको ढाँचा र प्रक्रियाबमोजिम पुनर्योग गराउन आवेदन दिन सक्नेछन् ।

## हवाई भाडा बढ्ने

काठमाडौँ, १ साउन (रासस) ।

आन्तरिक उडानका वायु सेवा प्रदायक कम्पनीले हवाई भाडादरमा समावेश गरी मूल्य अभिवृद्धि कर उठाउने भएका छन् ।

नेपाल वायुसेवा सञ्चालक सङ्घले प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि लागू हुनेगरी मूल्य अभिवृद्धि कर उठाउने जनाएको हो । सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमा हवाई यातयाात सेवालाई अनिवार्यरूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गरेको छ ।

*बाँकी तीन पृष्ठमा*

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्को पूर्वतयारीमा जुट्न मधेस प्रदेश सरकारको निर्देशन

वीरगञ्ज, १ साउन (रासस)।

मधेस प्रदेश सरकारले बाढी, डुवान, कटान, चटचाङलगायतका विपद्बाट हुने सक्ने धनजनको क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारीमा जुट्न सरकारी तथा गैरसरकारी निकायलाई निर्देशन दिएको छ।

मधेस प्रदेश सरकारले सुरक्षा निकाय सम्मिलित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकमार्फत विपद्का घटनाबाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनीकरण गरी राहत, उद्धार कार्यको पूर्वतयारीमा जुट्न सबै सरकारी एवं गैरसरकारी निकायलाई निर्देशन दिएको हो।

वर्षायामको बेला मधेस प्रदेशका जिल्लामा बाढी, डुवान, कटान र चटचाङलगायतका विपद्को घटनाबाट धनजनको क्षति हुने गरेकाले त्यसलाई दृष्टिगत गरी विपद्को पूर्वतयारीमा जुट्न सबै निकायलाई निर्देशन दिने बैठकले निर्णय गरेको मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उमेशकुमार ढकालले जानकारी दिनुभयो।

"विपद्बाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न तथा उद्धार र राहतको लागि तयारी अवस्थामा रहन सबै निकायलाई निर्देशन दिइएको छ", उहाँले भन्नुभयो, "नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई उद्धार कार्यका लागि उपलब्ध स्रोत, साधन र उपकरण तयार अवस्थामा राख्न निर्देशन दिइएको छ", सो कार्यमा आवश्यक सहयोग र सहजीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई आग्रह गर्ने निर्णयसमेत भएको उहाँको भनाइ छ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष सरोजकुमार यादवको अध्यक्षतामा बसेको बैठकले नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था र अन्य दातृ निकायले राहत सामग्री तयारी अवस्थामा राख्ने र प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयसँग समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिहरू र स्थानीय विपद् व्यवस्थापन समितिमार्फत एकद्वार नीतिको अवलम्बन गरी विपद्का घटनाबाट पीडितलाई राहत सामग्री वितरण गर्ने निर्णय गरेको सचिव ढकालले जानकारी दिनुभयो।

उहाँका अनुसार बैठकले प्रदेश स्वास्थ्य मन्त्रालयले औषधिसहितको स्वास्थ्योपचार व्यवस्था र खानेपानी मन्त्रालयले शुद्ध खानेपानी एवं सरसफाइको पर्याप्त व्यवस्था मिलाउने गरी तयारी अवस्थामा रहन निर्देशन दिँदै प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालनलाई प्रभावकारी बनाउन तथा सुरक्षा निकाय निकायबीच विपद् प्रतिकार्यमा समन्वयलाई मजबुद बनाउन सो केन्द्रमा नेपाली सेना र सशस्त्र प्रहरी बलको जनशक्ति परिचालन गर्ने निर्णय गरेको छ।

बैठकले अद्यावधिक गरिएको मधेस प्रदेशको प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना र प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति रणनीति योजना स्वीकृत गर्दै प्रदेशका विभिन्न जिल्लामा विपद् पूर्वतयारीसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गर्ने निर्णय गरेको छ।

साथै सोही बैठकले विपद्सम्बन्धी अतिआवश्यक सामग्री खरिद गर्नका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट प्रदेशका आठवटै जिल्ला प्रशासन कार्यालयलाई रु पाँच लाखका दरले उपलब्ध गराउने निर्णय गरेको सचिव ढकालले बताउनुभयो।

बैठकले लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक एलएसडी भ्याक्सिन खरिद गर्न प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई रु सात लाख उपलब्ध गराउने निर्णय गरेको जनाएको छ।

# सार्वजनिक यातायातको भाडादर घट्यो

काठमाडौं, १ साउन (रासस)।

पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू भएलगत्तै सार्वजनिक यातायातको भाडा झन्डै तीन प्रतिशत घटेको छ।

स्वचालित प्रणालीले डिजेल र पेट्रोलको मूल्य घटाएलगत्तै यातायात व्यवस्था विभागले पनि सोही आधारमा भाडा समायोजन गरेको हो। स्वचालित प्रणालीअनुसार डिजेलमा रु चार र पेट्रोलमा प्रतिलिटर रु छ घटेको छ। त्यसैलाई आधार बनाएर यातायात व्यवस्था विभागले यात्रुवाहक सवारीसाधनमा दुई दशमलव १३ प्रतिशत, मालवाहक सवारीमा पहाडमा दुई दशमलव ७८ र तराईमा तीन दशमलव ०९ प्रतिशतले भाडा घटाएको विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

घटाएको भाडादर सोमबारदेखि लागू हुने विभागले जनाएको छ। नयाँ भाडादर लागू भए/नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरी महाशाखाले गर्नेछन्।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भाडा समायोजनसम्बन्धी कार्यविधिमा भएको व्यवस्थाका आधारमा समायोजन गरिएको जानकारी दिनुभयो। पेट्रोलियम पदार्थमा पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा नयाँ भाडादर समायोजन गर्ने वैज्ञानिक भाडादरसम्बन्धी कार्यविधिमा व्यवस्था छ।

पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू हुनासाथ सार्वजनिक र मालबाहक सवारी साधनको भाडादर समायोजन गर्न मन्त्री ज्वालाले आइतबार विभागलाई निर्देशन दिनुभएको थियो।

### *कठौना-पातो ...*

स्थानियहरुले सडकमै धान रोपाई गरि बिरोध समेत जनाएका थिए। उनीहरुले बाटो निर्माण गर्न कसैले ध्यान नदिएको भन्दै उक्त बिरोध गरेका थिए।

कालोपत्रे सुरुवाताको अवसरमा सांसद यादवले बाटो निर्माणले जनताको सास्ती छिट्टै अन्त्य हुने बताउँदै छिट्टै शम्भुनाथ, बनैनिया, पथ्थरगाढा र गाइघाट जोड्ने सडकको निर्माण कार्य पनि शुरु हुने जानकारी दिए।

वर्षौ देखी उक्त सडक खण्ड जीर्ण भएका कारण सास्ती खेप्दै आएका यस भेगका जनता कालोपत्रे निर्माण कार्य शुरु भएपछी हर्षित भएका छन्।

### *हवाई भाडा ...*

"सरकारबाट बजेट वक्तव्यमार्फत अनिवार्य गरेको उक्त व्यवस्था अनुसार यस सङ्घमा आवद्ध सम्पूर्ण वायुसेवा कम्पनीले सोमबारदेखि लागू हुने गरी हवाई भाडा दरमा नै समावेश गरी मूल्य अभिवृद्धि कर उठाइने व्यहोरा जानकारी गराइन्छ", विज्ञप्तिमा भनिएको छ।

एयरलाइन्सले मूल्य अभिवृद्धि कर उठाएसँगै आन्तरिक उडानको हवाई भाडा केही वृद्धि हुने एयरलाइन्सले जनाएका छन्। यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार आन्तरिक उडानको हवाई भाडा ६ प्रतिशतसम्म बढ्नेछ। "इन्धन र विमानस्थल कर पनि भ्याटसहितको लिने गरिएको छ, यसमा थप अतिरिक्त शुल्क लाग्दैन", प्रवक्ता बर्तौलाले भन्नुभयो।

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्वन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

# अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आँधीका कारण एक हजार ५०० भन्दा बढी उडान रद्द

न्यूयोर्क, १ साउन (रासस/सिन्ह्वा)।

अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आएको आँधीबेहरीका कारण आइतबार साँझसम्म अमेरिका भित्रिने र बाहिरिने एक हजार ५०० भन्दा बढी उडान रद्द भएका छन्।

आँधीबेहरी र भारी वर्षाका कारण न्यूयोर्क र न्यूजर्सीका प्रमुख विमानस्थलमा ठूलो सङ्ख्यामा उडान अवरुद्ध हुनुका साथै ग्राउन्ड स्टप गरिएको फेडरल एभिएसन एडमिनिस्ट्रेशनले जनाएको छ।

न्यूजर्सीको नेवार्क लिबर्टी अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार साँझसम्म ३६२ उडान रद्द भएका छन् भने ३३७ उडान ढिला भएको फ्लाइट ट्र्याकिङ साइट फ्लाइटअवेयरले जनाएको छ। न्यूयोर्कको जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा ३१८ उडान रद्द भएका छन् भने ४२६ उडान ढिला भएका छन्।

शहरको अर्को विमानस्थल लागार्डिया विमानस्थलमा रद्द भएका उडानहरूको सङ्ख्या २७० पुगेको छ। बोस्टन लोगान अन्तर्राष्ट्रिय विमानस्थलमा पनि आइतबार साँझ आएको आँधीबेहरीका कारण विमानस्थलका धेरै उडान अवरूद्ध बनेका छन्। फ्लाइटअवेयरको तथ्याङ्कअनुसार करिब २६० उडान रद्द भएका छन्।

संयुक्त राज्य अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आइतबार भारी वर्षाका कारण न्यूयोर्क, न्यूजर्सी, पेन्सिलभेनिया, डेलावेयर र मेरिल्याण्डका केही भागमा बाढी र विद्युत् आपूर्ति बन्द हुँदा पाँच करोड ६० लाखभन्दा बढी मानिस बाढीको चपेटामा परेका छन्।

# युक्रेनको पूर्वमा भीषण लडाईं, खाद्यान्न सम्झौता संकटमा

इस्तानबुल, १ साउन (रासस/एएफपी)।

युक्रेनलाई कालो सागरमार्फत आफ्नो अनाज निर्यात गर्न अनुमति दिने सम्झौता इस्तानबुलको स्थानीय समय अनुसार सोमबार राति ११ बजे समाप्त हुनेछ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले कीभको प्रतिआक्रमण असफल भएको बताएपनि आइतबार युक्रेनको पूर्वी क्षेत्रमा भीषण भिडन्त भएको कीभले जनाएको छ।

टर्की र संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले जुलाई २०२२ मा इस्तानबुलमा पहिलो पटक हस्ताक्षर गरिएको सम्झौताको अर्को विस्तारमा सहमत हुन रूसलाई सहमत गराउने प्रयास गरिरहेका छन्।गत वर्ष सम्पन्न ब्ल्याक सी ग्रेन इनिसियटिभका कारण युक्रेनले चार करोड २० लाख टनभन्दा बढी युक्रेनी खाद्यान्नको निर्यात गर्न सफल भएको थियो।

तर रूसले अहिलेसम्म सम्झौता नवीकरण गर्न नमानेका कारण उक्त यातायात ठप्प भएको हो।"सबै पक्षबाट आवेदन स्वीकृत भएको छैन," सम्झौताको अनुगमन गर्ने संयुक्त समन्वय केन्द्र (जेसीसी) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ। "जुन २७ यता कुनै पनि नयाँ पानीजहाजलाई सहभागी हुन स्वीकृति दिइएको छैन।"

सम्झौतामा हस्ताक्षर गर्ने युक्रेन, रूस, टर्की र संयुक्त राष्ट्रसङ्घले अनुमति दिएको अन्तिम मालवाहक जहाज टर्कीको थोक क्यारियर टीक्यू सामसुन युक्रेनी बन्दरगाह ओडेसाबाट इस्तानबुलतर्फ कालो सागर पार गर्दै गएको मरिन ट्राफिक वेबसाइटले आइतबार अबेर राति जनाएको छ। शुक्रबार टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआनले सम्झौता पुनः नवीकरण हुनेमा आशावादी रहेको बताउनुभएको थियो।

तर आफू र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस विषयमा आँखा चिम्लेको भन्ने उहाँको दावीको केमलिनका प्रवक्ताले तुरुन्तै खण्डन गर्दै उनीहरूले त्यस्तो कुनै घोषणा नगरेको बताउनुभयो। रूसी खाद्यान्न र मलको निर्यातका लागि अनुमति दिने सम्झौताका तत्वहरूको सम्मान नगरिएको भन्दै पुटिनले सम्झौताबाट बाहिरिने चेतावनी दिँदै आउनुभएको छ।

दक्षिण अफ्रिकी समकक्षी सिरिल रामाफोसासँगको टेलिफोन वार्तामा उहाँले भन्नुभयो, "सम्झौताको मुख्य लक्ष्य रहेको अफ्रिकी महाद्वीपलगायत खाँचोमा परेका देशहरूलाई खाद्यान्न आपूर्ति कार्यान्वयन हुन सकेको छैन।"जेसीसीको तथ्याङ्कअनुसार चीन र टर्की साथै विकसित अर्थव्यवस्थाहरू अनाज ढुवानीको मुख्य लाभार्थी हुन्। यस सम्झौताले विश्व खाद्य कार्यक्रमलाई अफगानिस्तान, सुडान र यमन जस्ता गम्भीर खाद्य अभावको सामना गरिरहेका देशहरूलाई राहत प्रदान गर्न मद्दत गरेको संयुक्त राष्ट्रसङ्घको बुझाइ छ।

# अफ्रिकामा खडेरीका कारण २७ लाख मानिस विस्थापित : डब्लुएफपी

अदिस अबाबा, १ साउन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले अफ्रिकाको सोमाली क्षेत्रमा खडेरीका कारण करिब २७ लाख मानिस विस्थापित भएको जनाएको छ। क्षेत्रीय स्थिति अद्यावधिक प्रतिवेदनमा डब्लुएफपीले सोमालियामा १७ लाख, इथियोपियामा पाँच लाख १६ हजार र केन्यामा चार लाख ६६ हजार मानिस खडेरीका कारण विस्थापित भएको जनाएको छ।डब्लुएफपीको प्रतिवेदनले तीन देशका खडेरी प्रभावित क्षेत्रमा लाखौं शरणार्थीको आगमनले यस क्षेत्रमा खाद्य असुरक्षा बढाएको उल्लेख गरेको छ।

"सन् २०२० को अन्त्यदेखि लगातार सामान्यभन्दा कम वर्षा भएपछि 'हर्न अफ अफ्रिका' भनेर चिनिने सोमाली प्रायद्वीपमा व्यापक मौसमी खडेरी परेको छ, जसले कृषि, पशुधन, वनस्पति, जलस्रोत, जीविकोपार्जन र चरन स्रोतलाई प्रभावित पारेको छ," डब्लुएफपीको प्रतिवेदनमा भनिएको छ। संयुक्त राष्ट्रसङ्घीय निकायले उक्त क्षेत्रमा लामो समयदेखिको खडेरीका कारण दुई करोड ३४ लाख मानिस खाद्य असुरक्षामा परेको र ५१ लाख बालबालिका कुपोषित भएको अनुमान गरेको छ। यस वर्षको सुरुमा डब्लुएफपीले मार्चदेखि मे २०२३ को बीचमा अर्को खराब वर्षायामको घटनाले उक्त प्रायद्वीपका समुदायहरूमा विनाशकारी परिणामहरू ल्याउने चेतावनी दिएको थियो।

# "गौर हत्या काण्ड" का दोषिलाई कारवाहीको मागसँगै आन्दोलनका कार्यक्रम सार्वजनिक





**दैनिक समाचारदाता**
**रौतहट, १ साउन ।**

"गौर हत्या काण्ड" मा संलग्न दोषिलाई कारवाहीको माग गर्दै पीडितहरुले सोमबार रौतहट सदरमुकाम गौरमा प्रदर्शनका साथै आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।

१७ वर्षअघि भएको गौर हत्या काण्डमा संलग्नहरुलाई कारबाहीको माग गर्दै गौर हत्या काण्ड संघर्ष समितिले सोमबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

संघर्ष समितिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै दोषीलाई कारबाहीको दायरमा नल्याएकाले आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य भएको जनाएको छ ।

बुझाइएको ज्ञापनमा साउन १४ सम्म माग पुरा नगरे साउन १५ बाट आन्दोलन स्वरुप अनिश्चितकालिन रौतहट बन्द गर्ने चेतावनी दिइएको छ ।

आन्दोलनका कार्यक्रम अनुसार साउन २ देखि १२ गतेसम्म रौतहटका पालिकाहरुमा हत्याकाण्डबारे जानकारी र अन्तरक्रिया, साउन १३ गते सहिद तथा पीडित परिवारबाट धर्ना, साउन १४ गते मोटरसाइकल र्‍याली र १५ गतेबाट अनिश्चितकालिन रौतहट बन्द रहेका छन् ।

संघर्ष समितिका संयोजक रुपसागर देवीले अमानवीय र बीभत्स हत्या गर्ने गौर हत्याकाण्डका हत्यारालाई वर्षौंसम्म पनि अनुसन्धानको दायरामा नल्याई कारबाही नगर्नाले पीडितहरुको आँखा अगाडी नै खुलेआम हिँडिरहेको देख्नुपर्दा आफूहरूलाई थप पीडा भएको जनाएका छन् ।

'अमानवीय र बीभत्स हत्याकाण्डका दोषीलाई कानुन बमोजिम अविलम्ब कारबाही गर्न हामी पीडितहरुलाई अपराध पीडितको हक, न्यायको प्रत्याभूति दिलाउन विनम्र अनुरोध गर्दछौं', संघर्ष समितिले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।

२०६३ साल चैत सात गते गौरस्थित राइसमिल चौरमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेसी जनअधिकार फोरमका नेता कार्यकर्ताबीच भएको झडपमा २७ जना सर्वसाधारणको घटनास्थलमा र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो ।

## बृद्ध मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ८ बेरियर चोक अगाडि आइतबार एक बृद्ध मृत फेला परेका छन् ।

पूर्वी बस स्टेन्डको प्रतिक्षालय भित्र नाम थर नखुलेको ६५ वर्षिय बृद्ध व्यक्ति मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो सम्बन्धमा प्रहरीले आवश्यक छानबिन तथा घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## भन्सार छलेर ल्याउँदै गरेको मोटरसाइकलसहित किराना सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

प्रहरीको सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं २ महुवामा मोटरसाइकलसहित भन्सार छलेर ल्याउँदै गरेका किरानाका सामानहरु बरामद गरेको छ ।

भारतबाट नेपालतर्फ आइतबार भन्सार छलेर नम्बर प्लेट नभएको मोटरसाइकलमा ल्याउँदै गरेको विभिन्न किरानाका सामानसहित मोटरसाइकल नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ईलाका प्रहरी कार्यालय सखडाबाट खटेको प्रहरी टोलीलाई देख्ना साथ मानिसहरु मोटरसाइकल र सामान छोडेर भागेका थिए । बरामद गरिएका मोटरसाइकल र किराना सामानलाई आवश्यक कारवाहीका लागि राजबिराज भन्सार कार्यालय सप्तरीमा पठाइएको जनाइएको छ ।

## पोखरीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा सोमबार पोखरीमा डुबेर एक बालकको ज्यान गएको छ ।

वडा नं. ७ बभनगामा कट्टीस्थित लक्ष्मी बल्लभ नरसिंह माविको पछाडी पट्टी रहेको पोखरीमा डुबेर स्थानिय महादेव खंगका ८ वर्षिया छोरा गोबिन्द खंगको डुबेर ज्यान गएको हो ।

घटना बारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

### *लक्ष्य भन्दा २०...*

फर्छ्यौट गर्ने जिम्मेवारी आएकोमा २ हजार ३ सय ९५ मुदा फर्छ्यौट भएको छ । जुन ४१ दशमलव ६४ प्रतिशत हुन आउँछ ।

फर्छ्यौट गर्न बाकि रहेका ३ हजार ३ सय ५७ मुद्दाको जिम्मेवारी २०८०/८१ का लागी सरेको उनले बताए । न्यायधिश भण्डारीले कतै कानूनी जटिलता त कतै दरबन्दी अनुसारको न्यायाधिश र जनशक्ती नहुँदा लक्ष्य प्राप्तिमा कठिनाइ भएको बताए । यद्दपी अदालतको जनशक्ती तथा उपलब्ध साधनश्रोतका अनुसार काम संतोषजनक भएको उनको दाबी छ ।

उनले २०७९/८० को असार मसान्त सम्ममा २ वर्ष नाघ्ने मुद्दाको कुल संख्या ६ सय ४० रहेकोमा ६ सय ३२ लाई फर्छ्यौट गरेको र यसलाई निकै संतोषजनक उपलब्धीको रुपमा लिएको बताए । उनले समग्रमा जिम्मेवारी सरेर अघिल्लो वर्षबाट आएको २ हजार ६ सय २ र न्याय सम्पादन सहित कुल ५ हजार ७ सय ५२ मध्ये साउनमा ३ सय १७, भाद्रमा ३ सय, असोजमा ८८, कार्तिकमा १ सय २५ मंसिरमा १ सय ४८, पुषमा १ सय ८७, माघमा १ सय ५९, फागुनमा १ सय ६७, चैत्रमा २ सय ५६, बैशाखमा १ सय ५९, जेठमा ३ सय २७ र असारमा २ सय ६३ गरी कुल २ हजार ३ सय ९५ मुद्दा फर्छ्यौट भएको स्पष्ट पारे ।

आ.ब. २०७९/८० मा नयाँ दर्ता भएका ३ हजार १ सय ५० मध्ये रिटतर्फ सर्वाधिक १ हजार ५१ मुद्दा रहयो । यस्तै व्यक्तीवादी देवानीका ९ सय ६६, सरकावादी फौजदारीका २ सय १२ र सुरु मुद्दा ७१ रहेको थियो ।

यस्तै सोही आर्थिक वर्षमा मेलमिलापका लागी १ सय ४२ मुद्दा पठाइएकामा ११ मात्रको मेलमिलाप हुन सकेको र मेलमिलाप हुन नसकेको संख्या १ सय २६ रहेको अदालतले जनाएको छ ।

**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**

**आ.व. २०८०।०८१ का लागि हटिया गुदडी ठेक्का सिलबन्दि बोलपत्र आव्हानको सूचना ।**

पहिलो पटक प्रकाशित मिति २०८०।०४।०१

यस नगरपालिका भित्रको हटिया ठेक्का देहाय बमोजिम लगाउनु पर्ने भएको हुँदा बोलपत्र दिन चाहने व्यक्ति/फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र शिलवन्दी वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्य शर्त तथा सूचनाहरु यस कार्यालयको सूचना पाटी र website : www.rajbirajmun.gov.np तथा यस कार्यालयको राजश्व शाखाबाट उपलब्ध हुने/गर्ने सकिने छ ।

| क्र.सं. | ठेक्काको नाम | न्युनतम अंक | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १ | हटिया गुदडी बैठकी शुल्क २०८० भाद्र १ देखी २०८१ असार मसान्त सम्म | रु.४५,५४,०००।०० | रु. ३०००।- |

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**सुशासन कायम गरौं**
- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*